# नेपालगञ्ज उप-महा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(आर्थिक प्रशासन शाखा)

visit nepal 2020 Lifetime Experiences

नेपालगञ्ज, बाँके
५ नं.प्रदेश, नेपाल


नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज बाँके ५ नं. प्रदेश

पत्र संख्या : २०७६/७७
चलानी नं. : ५५

मिति : २०७६।०४।१३

**विषय : आर्थक बर्ष २०७६।०७७ को बजेट कार्यान्वयन सम्बन्धी निर्देशन ।**

श्री सबै वडा कार्यालयहरु,
नेपालगंज्ञ उपमहानगरपालिका, बाँके ।

स्थानयि सरकार सञ्चालन ऐन, २०७४, नेपालगञ्ज उपमहानगरपालिकाको बिनियोजन ऐन, २०७६ तथा अन्य प्रचलित कानून अनुसार नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतलाई प्राप्त अधिकार मध्ये यसैसाथ संलग्न कार्य विवरण अनुसारको सम्वन्धित काम, कर्तव्यहरु तपाईले सम्पादन गर्नु हुन अधिकार प्रत्यायोजन गरेको छु । प्रत्यायोजित अधिकारको प्रयोग गर्दा प्रचलित ऐन, नियम, विनियम निर्देशिका, नेपालगञ्ज उपमहानगरपालिकाको नगर परिषद तथा वोर्डवाट भएका निर्णय र अधिकार प्रत्यायोजन गर्ने अधिकारीवाट समय समयमा प्राप्त हुने आदेश निर्देशनहरुको पूर्ण परिपालन गर्नुका साथै तपाईले प्रदान गर्ने सेवावाट जनसन्तुष्टि अभिवृद्धि हुने गरी छिटो-छरितो, मितव्ययी एवं जनउत्तरदायी भूमिका निभाई इमानदारीपूर्वक कार्य सम्पादन गर्नु, गराउनु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**आ.ब. २०७६।०७७ को बजेट कार्यान्वयन सम्बन्धमा :**

१. पुँजिगत खर्चमा बिनियोजित रकम चालु रकममा रकमान्तर गर्न नसकिने र नेपालगञ्ज उपमहानगरपालिकाको बिनियोजन ऐन, २०७६ बमोजिम बाहेक अन्य अवस्थामा रकमान्तर गर्न नसकिने हुदा तोकिएको बजेट शिर्षकको अधिनमा रही खर्च गर्नुहोला ।
२. तलव, भत्ता, पोषाक, खाद्यान्न, पानि तथा बिजुली, संञ्चार महसुल र भाडामा आगामि बर्षको लागि दायित्व नसर्ने गरी खर्च ब्यवस्थापन गर्नु गराउनु होला ।
३. स्विकृत दरबन्दि तथा बजेटको परिधीभित्र रहेर मात्र सेवा करारमा कर्मचारी लिन सकिने हुँदा सो व्यवस्थाको पालना गर्नु गराउनुहोला ।

हरि प्रसाद कुँवर
प्रमुख प्रशासकीय अधिकृत

# नेपालगञ्ज उप-महा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(आर्थिक प्रशासन शाखा)

नेपालगञ्ज, बाँके
५ नं.प्रदेश, नेपाल


पत्र संख्या :

चलानी नं. :

मिति :

विषय :

श्री

४. वडा कार्यालयका लागि घर बहालमा लिदा सकेसम्म ब्यापारिक क्षेत्र र प्रमुख मार्गमा नलिने र न्युनतम आवश्यकता र सुबिधा भएको घर बहालमा लिने ब्यवस्था गर्नुहोला ।

५. स्विकृत बजेट भन्दा बाहिर आर्थिक दायित्व सिर्जना हुने कुनै पनि विषयमा निर्णय गर्दा कार्यालयको पुर्व सहमति लिएर मात्र गर्ने ब्यवस्था गर्नुहोला ।

६. नगद कारोबार गर्दा हुनसक्ने जोखिम कम गर्नका लागि बैंक मार्फत कारोबार गर्नुहोला ।

७. यस कार्यालयबाट निकासा भै प्राप्त भएको रकमको मासिक फाँटबारी स्विकृत ढाँचा बमोजिम प्रतेक महिनाको पहिलो हप्ता भित्र अनिवार्य रुपमा पठाउने ब्यवस्था गर्नुहोला ।

८. वडा कार्यालयको खानेपानी तथा विद्युतको महसुल छुट सुविधा पाउने गरी भुक्तानी गर्ने ब्यवस्था गर्नुहोला ।

९. नियमानुसार असूल गरिने दैनिक आयको लेखांकन गरी नियमित बैंक दाखिला गर्ने, मासिक विवरण तयार गरी प्रमाणित गरी सम्वन्धित शाखामा पठाउने र समयमा नै आम्दानी खातामा आय रकम स्थानान्तरण गर्ने, गराउने ब्यवस्था गर्नुहोला ।

१०. नेपालगञ्ज उपमहानरपालिकाको स्वीकृत वजेट तथा कार्यक्रम अनुसार वडा कार्यालयवाट खर्च गर्ने गरी निकासा भएको रकम नियमानुसार खर्च गर्ने र सो को अन्तिम दायित्व वहन गर्नुपर्ने हुदा कानुन बमोजिम तोकिएको बिधि र प्रकृया अपनाई कार्य गर्नुहोला ।

११. लक्षित समुहसँग सम्बन्धित कार्याक्रम संञ्चालनमा नगरपालिकाको प्रतिनिधि अनिवार्य रुपमा सहभागिता कायम गर्ने ब्यवस्था गर्नुहोला ।

.....................

हरी प्याकुरेल

प्रमुख प्रशासकिय अधिकृत

हरि प्याकुरेल

प्रमुख प्रशासकीय अधिकृत